# मानव पूँजीको ............

भट्टराईले भने ।
वायु गुणस्तर विज्ञ डा. भूपेन्द्र दासका अनुसार हरेक दिन काठमाडौं र नेपालका अन्य भेगको प्रदूषण निरन्तर खस्किरहेको छ । नेपालमा हरेक वर्ष जनवरीदेखि अपिल महिनासम्म प्रदूषण बढ्ने गर्छ । हरेक वर्षको सुख्खायाममा वन डढेलो लगायतका अन्य कारणले प्रदूषणको समस्या बढ्न गर्छ ।

विश्वमै खुला ठाउँमा कृषि अवशेष जलाउने कार्यमा नेपालको भूमिका २ प्रतिशत हाराहारी छ । विस्थापित गर्ने भनिएका युरो १ र युरो ३ मापदण्डका सवारी साधनले फाल्ने धुवाँ, उद्योग कलकारखानाबाट निस्कने प्रदूषणलाई समस्याका नियमित कारण बनिरहेका छन् । अहिलेको प्रदूषणको अवस्थालाई सामान्य रूपमा नलिन उनले आग्रह गरे ।

प्रदूषणको समस्या जटिल भएपछि मात्रै समस्याका उपाय खोज्नु व्यवहारिक नहुने उनको भनाइ छ । विज्ञ दास भन्छन्, 'अहिलेको मुख्य समस्या वन डढेलोको हो । खेतबारीमा कृषि अवशेष र खुला ठाउँमा फोहोर मैला जलाउँदा प्रदूषण बढेको छ । समाधानका उपायहरू खोज्न ढिलो गर्नु हुँदैन ।'

# जन्मिँदै राजा.........



थियो ।
आज प्रदेशसभामा सम्बोधन गर्दै ओलीले मधेश प्रदेश सम्भावना नै सम्भावनाहरूको उर्वर भूमि रहेको बताउनुभयो । कृषिका लागि उपयुक्त भूमि, जडीबुटीदेखि पानीको अपार स्रोतयुक्त चुरेक्षेत्रलगायत रहेकाले मधेशको सम्भावनालाई उपयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

प्रधानमन्त्री ओलीले मधेश प्रदेशको सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव अत्यन्त सुन्दर पक्ष भएको पनि उल्लेख गर्नुभयो ।
यस्तै प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जनताको जरासम्म फैलिएको पार्टी भएकाले एमालेलाई कसैले हल्लाउन नसक्ने बताउनुभएको छ ।

एमाले सिरहा जिल्लाको ११ औं अधिवेशनलको उद्घाटनसत्रलाई मंगलबार सिरहा बजारमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो ठोकुवा गर्नुभएको हो । उहाँले देश र जनताको हितबाहेक एमालेसँग अरु कुनै स्वार्थ नभएकाले देश जोगाउने पार्टी एमाले भएकाले आम कार्यकर्ता र शुभेच्छुहरुले एमाले विरोधी भुलभुलैयामा नलाग्न आग्रह गर्नुभयो ।
'हाम्रो पार्टीलाई कसैले भित्तामा राख्छौं भने, कसैले धुलो चटाउँछौं भने, कसैले के भने तर एमालेलाई कसैले हल्लाउन सक्दैन भन्ने कुरा हामीप्रति जनताको उत्साहबाट स्पष्ट हुन्छ,' प्रधानमन्त्री ओलीले भन्नुभयो, 'मैले विगतमा प्रधानमन्त्री हुँदा सुनकोसी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, शिक्षा र स्वास्थ्यमा सुधारका कार्यक्रम सुरु गरें । मधेसका समस्याहरु मलाई बढी थाहा छ । तिनको समाधानका लागि केन्द्र सरकारको तर्फबाट गर्नुपर्ने कुराहरुमा सरकार प्रतिबद्ध रहेको कुरा आजै मैले मधेस प्रदेशसभाको सम्बोधनमा स्पष्ट गरिसकेको छु ।'
प्रधानमन्त्री ओलीले राजतन्त्र फर्कन्छ भन्ने कसैको सपना पूरा नहुने स्पष्ट गर्दै यही चैत १५ गतेको अराजक गतिविधिबाट राजतन्त्रपक्षधरको वास्तविकता देखिसकिएकाले आगजनी र तोडफोड गर्ने मान्छेहरुका हातमा शासन नजाने र दिन नहुने बताउनुभयो ।
'तपाईंहरु ढुक्क हुनुस् । राजतन्त्र कुनै हालतमा फर्कँदैन । एमाले र कांग्रेसजस्ता पुराना र ठुला पार्टीको सरकारले यो संविधान र व्यवस्थाको रक्षा गर्दै जनतालाई समृद्धि र सुशासन दिएर छाड्छ,' उहाँले भन्नुभयो, 'यो सरकार चुनावसम्म टसमस हुँदैन । अबको १५ महिनापछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई म हस्तान्तरण गर्छु । सरकार अहिले ढल्छ, भेर ढल्छ भन्नेहरु अब थाके । यो मजबुद सरकार हो ।'
अधिवेशनबाट सर्वसम्मत र परिपक्व नेतृत्व चयन गर्न आग्रह गर्दै अध्यक्ष ओलीले विरोधीलाई देखाउनका लागि प्यानल बनाएर गुटबन्दी गर्नु आवश्यक नभएको बताउनुभयो ।
कार्यक्रममा जनता समाजवादी पार्टीबाट निर्वाचित धनगढीमाइ नगरपालिका वडा नम्बर ७ का अध्यक्ष विजयकुमार सिंह, वडा सदस्यहरुसहित तथा अन्य पार्टीबाट समेत गरी करिब पाँच सय जनालाई अध्यक्ष ओलीले प्रवेश गराउनुभएको थियो ।

उद्घाटनसत्रमा एमालेका सचिव रघुवीर महासेठ, मधेस प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ, मधेस प्रदेशसभाका एमाले संसदीय दलका नेता सरोजकुमार यादवलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

अधिवेशन उद्घाटनअघि प्रधानमन्त्री ओलीले सिरहा बजारमा रहेको शहिद हेमनारायण यादवको शालिकका माल्यार्पण गर्नुभएको थियो । यसैगरी प्रधानमन्त्री ओलीले सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पसको नवनिर्मित सभा मञ्चको पनि उद्घाटन गर्नुभयो ।

# सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेस प्रदेश, नेपाल

# नगर शिक्षक पदपूर्तिका लागि विज्ञापन आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/१२/२७)

सबैला नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/०८ को निर्णयानुसार स्वीकृत नगर शिक्षक अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले नगर शिक्षक छनोट समितिको मिति २०८१।१२।२६ को निर्णयानुसार तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय अनुसार दरखास्त आह्रुवान गरिन्छ ।

१. क) पदः नगर शिक्षक
ख) तहः आधारभूत तह (कक्षा १-५)
ग) वि.नं.: ११-२०८१/०८२
घ) माग पद संख्याः २४ जना

**२. पदः नगर शिक्षक तहः आधारभूत तह (कक्षा ६-८)**

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
|---|---|---|---|---|---|
| वि.नं. | १२- २०८१/०८२ | १३-२०८१/०८२ | १४-२०८१/०८२ | १५-२०८१/०८२ | १६-२०८१/०८२ |
| माग पद संख्या | ७ जना | ७ जना | ६ जना | ११ जना | २ जना |

**३. पदः नगर शिक्षक तहः माध्यमिक तह (कक्षा ९-१०)**

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | लेखा |
|---|---|---|---|---|---|---|
| वि.नं. | १७- २०८१/०८२ | १८-२०८१/०८२ | १९-२०८१/०८२ | २०-२०८१/०८२ | २१-२०८१/०८२ | २२-२०८१/०८२ |
| माग पद संख्या | ३ जना | २ जना | ३ जना | २ जना | ४ जना | १ जना |

**विज्ञापन सम्बन्धी थप जानकारीः**

- **दरखास्त फारम पाइने र बुझाउने स्थानः** नगर कार्यपालिकाको कार्यालय।दरखास्त फारम कार्यालयको वेबसाइट www.sabailamun.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ।
- **दरखास्त बुझाउने अवधिः** मिति २०८१/१२/२७ देखि २०८२/०१/१० गते कार्यालय समयसम्म ।
- **दरखास्त दस्तुरः** आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) को क्रमशः रु. ५००।- रु. ७००।- र रु. १०००।-। तोकिएको दरखास्त दस्तुर नगरपालिकाको राजस्व शाखामा बुझाई दस्तुर बुझाएको रसिद दरखास्त फारमसाथ अनिवार्य संलग्न गर्नुपर्नेछ ।
- **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरे बमोजिम।
- **संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यता खुल्ने ट्रान्स्क्रप्ट र सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको स्वप्रमाणित प्रतिलिपि।दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातको आधिकारिकता सम्बन्धमा सम्बन्धित उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ।उल्लिखित विवरण एवम् कागजता झुट्टा ठहरेमा वा तोकिएको कागजात पेस नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ।
- **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको। तर यस विज्ञापन हुनुपूर्व नगरपालिका कार्यालयबाट उपलब्ध गराइएको अनुदानबाट मासिक तलब भत्ता खाईपाई आएका कार्यरत निजी स्रोतका शिक्षकहरुको हकमा यस विज्ञापनमा उम्मेदवार हुन उमेर हद लाग्ने छैन। कार्यरत निजी स्रोतका शिक्षकहरुले आफू कार्यरत विद्यालयबाट सेवारत रहेको व्यहोरा उल्लेखित पत्रको सक्कलै प्रति दरखास्त फारमसाथ पेस गर्नुपर्नेछ ।
- **मासिक तलब सुविधाः** आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) को हकमा क्रमशः २२,०००।-, २५,०००।- र ३०, ०००।- ।साथै नियुक्ति अवधि छ महिना व्यतीत भएको नगर शिक्षकले खाइपाइ आएको मासिक तलब अनुसारको एक महिना बराबरको पर्वखर्च र पोसाक भत्ता समेत पाउनेछ।
- **परीक्षा मिति र केन्द्रः** पछि प्रकाशित गरिनेछ ।
- **परीक्षाको किसिमः** लिखित (सामान्य परीक्षा) र अन्तर्वार्ता।
- **पाठ्यक्रमः** शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरे बमोजिमको ।
- **नियुक्ति तथा पदस्थापनः** छनोट समितिबाट सिफारिस भएको उम्मेदवारलाई नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिम करार सम्झौता गरी अनुसूची-३ को ढाँचामा नियुक्ति दिई विद्यालयमा पदस्थापन गरिनेछ ।
- **शिक्षक सेवा आयोगबाट सञ्चालन भएको सम्बन्धित तह र विषयको पछिल्लो विज्ञापनबाट धनुषा जिल्लामा करार सूचीमा सूचीकृत व्यक्तिहरुको निवेदन परेमा ती आवेदकहरुलाई निजहरुको योग्यताक्रमानुसार आवश्यक पदसंख्या अनुरुप कार्यालयबाट नियुक्ति दिई विद्यालयमा पदस्थापन गरिनेछ।**
- विज्ञापनमा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**